# मकवानपुरगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मकान्चुली, मकवानपुर

## सम्झौता पत्र

सबै सामाजिक सुरक्षा भत्ता बैंक खाता मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम मकवानपुरगढी गाउँ कार्यपालिकाको कार्यालय, मकान्चुली (यस पछि गाउँपालिका भनिने) र श्री नेपाल बङ्लादेश बैंक मकवानपुरगढी शाखा बिच (यस पछि बैंक भनिने) बीच सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीमार्फत वितरण गर्ने प्रयोजनको लागि निम्नानुसारका शर्तहरूको अधीनमा रही सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं र दियौं ।

**शर्तहरू**

१. गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समूह अनुसार लाभग्राहीहरूको नाम, नागरीकता प्रमाणपत्र नं., सामाजिक सुरक्षाभत्ता परिचयपत्र नं. (एम आइ एस बाट आउने १३ अङ्कको सामाजिक सुरक्षा परिचयपत्र नं., ठेगाना, निजले चौमासिक पाउने रकम समेतको पूर्ण विवरण MIS प्रणालीमा आधारित विद्युतीय माध्यमबाट (Forward Feed) बैंकलाई उपलब्ध गराउनेछ ।

२. बैंकले गाउँपालिकाबाट प्राप्त मकवानपुरगढी गाउँपालिका वडा नं. ३ को सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने विवरण बमोजिम लाभग्राहीको नाममा शून्य मौज्दातमा सामाजिक सुरक्षा बचत खाता खोल्नेछ । यसरी खाता खोल्दा लाभग्राहीको सामाजिक सुरक्षा भत्ता कारोबारको विवरण देखिन सक्ने गरि १३ अंङ्को सामाजिक सुरक्षा परिचयपत्र नम्बर बैंक तथा वित्तीय संस्थाको मुख्य कारोबार गर्ने प्रणालीमा अनिवार्य सेभ गर्ने व्यवस्था गर्नु पर्नेछ ।

३. पाँच वर्ष मुनिका बालबालिकाको हकमा आमा वा संरक्षकबाट खाता सञ्चालन हुने गरी बचत खाता खोलिदिने र आमा वा संरक्षकको दस्तखतबाट खाता सञ्चालन गर्नेछ ।

४. बैंकले लाभग्राहीको खाता खोलीसकेपछि लाभग्राहीको नाम र खाता नं. सहितको विवरण विद्युतीय माध्यमवाट गाउँपालिकालाई उपलब्ध गराउनेछ ।

५. गाँउपालिकाले प्रत्येक लाभग्राहीको विवरण Forward Feed मार्फत नाम, लक्षित समूह र पाउने रकम खुलाई एकमुष्ट रकमको चेक हरेक चौमासिकमा बैंकलाई उपलब्ध गराउनेछ ।

६. गाउँपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत गाउँपालिकालाई उपलब्ध गराउनेछ ।

७. कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी गाउँपालिकाले तत्काल प्रणाली मार्फत बैंकलाई उपलब्ध गराउनेछ । सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी गाँउपालिकामा फिर्ता पठाउनेछ ।

८. तथ्याङ आदान प्रदान गर्दा APC,Forward Feed /**Reverse Feed** जस्ता विधुतिय माध्यवाट मात्र गरिनेछ ।

९. बैंकले निष्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र गाउपालिकालाई दिनुपर्नेछ ।

१०. बैंकले प्रत्येक चौमासिकमा प्रत्येक खातावालको उक्त खाताको कारोवार झल्कने प्रतिवेदन गाउँपालिकालाई दिनेछ । उक्त खातामा जम्मा रहेको रकममध्ये केही वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्न गाउपालिकाँबाट लेखी आएमा बैंकले सोही बमोजिम रोक्का वा फिर्ता गर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

११. ९० वर्ष वा सो भन्दा बढी उमेरका जेष्ठ नागरिक र रातो कार्ड (क वर्गको) प्राप्त गरेको पूर्ण अपाङ्गता भएका लाभग्राही, अति असक्तता भएको प्रमाणीत भएका लाभग्राहीहरूको हकमा सामाजिक सुरक्षाभत्ता वितरण गर्दा बैंकले सम्भव भएसम्म सेवाग्राहीको घरदैलोबाट अन्यथा नजिकको स्थानवाट सामजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाई हिसाव मिलान गरिनेछ ।

१२. दुबै पक्षको सहमतिबाट लाभग्राहीहरूलाई सहज ढङ्गबाट रकम उपलब्ध गराउन थप प्रयासहरू गरीनेछ ।

१३. सकेसम्म भत्ता वितरण गर्दा वैकले शाखा रहित वैकिङ सेवा मार्फत वडामा नै गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

१४. यस सम्झौतामा लेखिएका कुराहरु सोही बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| गाउँपालिकाको तर्फबाट | बैंकको तर्फबाट |
| --- | --- |
| हस्ताक्षरः ...................... | हस्ताक्षरः ...................... |
| नामः रामकुमार पुडासैनी | नामः बद्रि बिक्रम थापा |
| पद : प्रमुख प्रशासकिय अधिकृत | पद : शाखा प्रबन्धक |
| कार्यालयको नाम: मकवानपुरगढी गाउँपालिका, मकान्चुली, मकवानपुर | बैंकको नाम : नेपाल बंगलादेश बैंक, मकान्चुली शाखा मकवानपुर |
| कार्यालयको छाप: | बैंकको छाप : |
| रोहवर : | रोहवर : |
| हस्ताक्षर : ...................... | हस्ताक्षर : ...................... |
| नामं : प्रकाश न्यौपाने | नाम : विकास प्र. लामिछाने |
| राजस्व ,योजना तथा अनुगमन शाखा | बि. सहायक, नेपाल बंगलादेश बैंक |

Scanned with CamScanner